विदुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट

३ नं. प्रदेश, नेपाल

०१०-५६००६३
५६०४६९


प.सं.: राजस्व ०७५/७६

च.नं.:

## पसल कवल भाडामा दिने सम्बन्धी शिलवन्दी दरभापत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०३/२५)

यस विदुर नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ कोलनी स्थित १५ वटा पसल कवलहरुको २०८१ साल आषाढ महिना सम्मका लागि सिलवन्दी दरभाउपत्र आव्हान गरी ठेक्कामा भाडामा लगाउने भएकोले यो सूचना प्रकाशित गरिएको छ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र फर्मको हकमा फर्मको अधिकाधिक प्रमाणपत्र र नगरपालिकामा दर्ता गरिएको प्रमाणपत्रका देहायको शर्त बमोजिम न्यूनतम अंकवाट वढावढ गरी ईच्छुक व्यक्ति, फर्महरुवाट रितपूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. सिलवन्दी दरभाउपत्र यस कार्यालयको राजस्व शाखावाट सूचना प्रकाशित मितिले १५ औं दिन सम्ममा रु. १,००० ००( पछि फिर्ता नहुने गरी ) मा खरिद गर्नुपर्नेछ र खामको वाहिर प्रष्ट संग माथि उल्लेखित विषय खुलाई सिलवन्दी गरी १६ औं दिनको १२.०० वजे सम्ममा पेश गर्नु पर्नेछ र पेश गरिएको सिलवन्दी दरभाउपत्र सोही दिनको २.०० वजे सिलवन्दी दरभाउपत्र दाता र विभिन्न प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोलिने दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।
२. एक मुष्ठ १५ वटा सटरको प्रति सटर मासिक रु. ४,००० ०० का दरले १५ वटा सटरको एक मुष्ट रु. ६०,००० ०० न्यूनतम भाडा मूल्य कायम गरिएको छ ।
३. १५ वटा सटर मध्ये पूर्व तर्फको एक सटरमा मासुपसल राख्नु पर्ने, र अन्य सटरहरु विभिन्न आईटमका पसलहरु राख्नु पर्नेछ । कानूनले वन्देज गरेका र सामाजिक वातावरणलाई खलल पुऱ्याउने र मेटल वर्कशप, गाडी मोटरसाईकल वर्कशप जस्ता ध्वनि कम्पन वातावरण प्रदुषण हुने कुनै व्यवसाय राख्न पाईने छैन ।
४. सिलवन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको अंक र अक्षर प्रष्ट संग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिनेछ ।
५. सिलवन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको अंकको वार्षिक अंकको ५ प्रतिशत रकमले हुन आउने रकम धरौटी स्वरुप यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, त्रिशुली स्थित धरौटी खाता नं. ०२६०३०००००००००३००००८ मा दाखिला गरी सक्कल बैंक भौचर सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
६. म्याद नाघि वा रित नपुगि प्राप्त सिलवन्दी दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।
७. कारण खुलाई वा नखुलाई सिलवन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार विदुर नगरपालिकामा रहनेछ ।
८. ऐन नियम बमोजिम बुझाउनु पर्ने सम्पूर्ण करहरु सिलवन्दी दरभाउपत्रदाता स्वयमले बुझाउनु पर्नेछ ।
९. सिलवन्दी दरभाउपत्र स्विकृत पश्चात सम्झौता गर्ने समयमा आफुले कवोल गरेको मासिक भाडा दरको दुई महिना बराबरको धरौटी वापत रकम धरौटी खातामा र पहिलो महिनाको भाडा रकम दाखिला गरी सम्झौता गर्न आउनु पर्नेछ । म्याद भित्र धरौटी र पहिलो महिनाको भाडा रकम सहित सम्झौता गर्न नआएमा सिलवन्दी दरभाउपत्र पेश गर्दा राखिएको धरौटी जफत गरी दरभाउपत्र रद्ध गरीनेछ ।
१०. भाडा रकम महिना शुरु हुनु भन्दा एक हप्ता अगाडी नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियम र सिलवन्दी दरभाउपत्रमा उल्लेख भए अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत